# मिडल स्कूल विद्यार्थी विज्ञान सुरक्षा सम्झौता

**विद्यार्थीको नाम**________________________________ **विद्यालय** ________________________________________

**शिक्षक**______________________________________**विज्ञान पाठ्यक्रम**__________________**पिरियड** ____________

**<u>प्रयोजन</u>**

विज्ञान प्रायोगिक प्रयोगशाला कक्षा हो। तपाईंले धेरै प्रयोगशाला क्रियाकलापहरू गरिरहेको हुन सक्नुहुन्छ जसमा उपयुक्त रूपमा संचालन नगरेमा खतरनाक हुने उपकरण, रसायन र/वा जनावरहरू संलग्न हुनसक्छन्। विज्ञान कक्षाकोठामा सुरक्षा विद्यार्थी, शिक्षक र अभिभावका लागि पहिलो प्राथमिकता हो। यी नियम र तपाईंको शिक्षकद्वारा उपलब्ध गराइएका अन्य नियमहरू हरेक समयमा विज्ञानका सबै विद्यार्थीहरूले पालना गर्नुपर्छ। यस सम्झौताको एक प्रतिलिपिमा तपाईं र तपाईंको अभिभावकले हस्ताक्षर गरी यसलाई तपाईंको विज्ञान नोटबुकमा राख्नुपर्छ।

**<u>सुरक्षा नियमहरू</u>**

1. तपाईंको उत्कृष्ट कक्षाकोठा व्यवहारका साथ जिम्मेवार व्यवहार देखाउनुहोस्। कसैललाई मुर्ख बनाउने वा मस्ती वा ठट्टा गर्ने गर्नाले तपाईं वा तपाईंको कक्षासाथीहरू खतरामा पर्न सक्नुहुन्छ।

2. प्रयोगशाला कार्यका लागि तयार रहनुमा सुरक्षित कपडा लगाउनु पनि समावेश हुन्छ। केही सामान खसाउने वा तपाईंलाई लडाउने प्रकारका ढिला वा खुकुला कपडा नलगाउनुहोस्। लामो कपाललाई पछाडि बाँध्नुहोस्। स्यान्डल, फ्लिप-फ्लप वा अग्ला हिलहर भएका नभई खुट्टाका औंला ढाकिने जुत्ताहरू मात्र लगाउनुहोस्। तपाईंको शिक्षकले एप्रोन लगाउने निर्देशन दिनुभएको खण्डमा एप्रोन लगाउनुहोस्।

3. ब्याकप्याक, ज्याकेट, किताब, पानीको बोतलहरू आदि जस्ता व्यक्तिगत सामानहरू प्रयोगशाला क्रियाकलाप गर्नुअघि हटाउनुपर्छ। प्रयोगशालाको टेबुलमा प्रयोगशाला सामग्री, वर्कशीटहरू र लेखन उपकरण मात्र हुनुपर्छ।

4. आफ्ना शिक्षकका निर्देशनहरूलाई ध्यानपूर्वक सुन्नुहोस् जसकारण तपाईंले तिनीहरू र लिखित कार्यविधिहरूको पालना गर्न सक्नुहुन्छ। तपाईंले निर्देशन वा प्रक्रियाको भाग बुझ्नुभएन भने, मद्दतको लागि सोध्नुहोस्। प्रयोगशाला प्रक्रियाहरूमा नभएको वा तपाईंको प्रशिक्षकद्वारा नभनिएको कुनै पनि कार्य प्रयोगशालामा नगर्नुहोस्।

5. निर्देशित नगरिएसम्म कुनै पनि उपकरण वा प्रयोगशालाको वस्तुहरूलाई नछुनुहोस्। सामग्रीहरू निर्देशित गरिएअनुसार मात्र प्रयोग गर्नुहोस्।

6. तपाईंको शिक्षकले केही फरक गर्ने अनुमति दिएको अवस्थामा बाहेक स्वीकृत परीक्षणहरू मात्र गर्नुहोस्।

7. प्रयोगशालामा खाना खाने, पेय पिउने वा चुईगम चपाउने नगर्नुहोस्। प्रयोगशाला सामग्रीहरू नचाख्नुहोस्।

प्रयोगशालाका सिसाका उपकरणहरूलाई खाना वा पेय राख्ने भाँडाहरूको रूपमा प्रयोग नगर्नुहोस्। प्रयोगशालामा खाद्य सामग्रीहरू ल्याउनु हुँदैन।

8. विज्ञान सामग्रीहरू प्रयोग गरेर आफ्नो अनुहार, आँखाहरू वा मुख नछुनुहोस्।

9. सुरक्षा चस्मा वा गगलहरू आवश्यक हुन्छ भन्दा तिनीहरूको प्रयोग गर्नुहोस्। तपाईंको शिक्षकले खोल्न सक्नुहुन्छ नभनेसम्म यिनीहरूलाई परीक्षण भरी लगाउनुहोस्।

10. सफाइको लागि शिक्षकका निर्देशनहरूको पालना गर्नुहोस्। प्रयोगशाला सामग्री र कार्य क्षेत्रहरू सफा गर्नु प्रयोगशाला क्रियाकलाप पूरा गर्ने कार्यको भाग हो। तपाईंले सफा गरिएको उपकरण फिर्ता गर्दा, चर्केको छ वा राम्ररी काम गरेको छैन भने आफ्नो शिक्षकलाई सूचित गर्नुहोस्।

11. फोहरहरू कहाँ राख्ने भनी सुनिश्चित गर्नुहोस्। फोहोर त्यहाँ राखेर सुनिश्चित हुनुहोस्।

12. सबै परीक्षणहरू गरेपछि हातहरू साबुन र पानीले धुनुहोस्।

13. कुनै दुर्घटना, चोटपटक वा खतरनाक स्थितिहरू भएमा तुरून्तै आफ्नो शिक्षकलाई सूचित गर्नुहोस् र यसको बारेमा केही गर्नुभन्दा अगाडि शिक्षकको निर्देशनहरूको लागि पर्खनुहोस्। यसमा सामग्री पोखिने र सिसा फुट्ने पनि पर्दछ।

14. अनुपयुक्त रूपमा प्रयोग गरेमा तपाईंको प्रयोगशालामा भएका रसायनहरू खतरनाक हुनसक्छन् भनी मान्नुहोस्। प्रयोगशालाको लागि आवश्यक भएमा तपाईंको शिक्षकले रसायनहरू छुने वा सुँघ्ने उपयुक्त तरिकाको निर्देशनहरू दिनुहुनेछ। अन्यथा, रसायनहरू छुने वा सुँघ्ने नगर्नुहोस्।

15. तपाईंको प्रयोगशालामा जीवित जनावरहरूसँग (किराहरू सहित) कार्य गर्नुपर्ने छ भने, यिनीहरूलाई कसरी सम्हाल्ने बारे शिक्षकका निर्देशनहरू राम्ररी सुन्न र पालना गर्न सुनिश्चित गर्नुहोस्। पञ्जाहरू लगाउनुहोस् र जनावरहरूलाई स्याहारका साथ सम्हाल्नुहोस्। तपाईंलाई जनावरले टोकेको कोतरेको वा अन्य आक्रामक व्यवहारको बारेमा शिक्षकलाई तुरून्तै थाहा दिनुहोस्।

16. माइक्रोस्कोप बोक्नको लागि दुई हातको प्रयोग गर्नुहोस्-- एउटा हात माइक्रोस्कोपको हातमा, अर्को बेसमा।

17. संरक्षित नमूना र चिरफारको सामग्रीहरूसँग काम गर्दा प्रशिक्षकको निर्देशनहरूको पालना गर्नुहोस्। छुरी र कैँचीहरू जस्ता तिखा उपकरणहरूको प्रयोग गर्दा अतिरिक्त ध्यान पुर्‍याउनुहोस्। काट्नुपर्दा शरीरभन्दा टाढा राखेर काट्नुहोस्।

18. तपाईंको शिक्षकले प्रवेश गर्ने अनुमति दिएको अवस्थामा बाहेक भण्डारण क्षेत्रहरूबाट टाढा रहनुहोस्।

19. सबै सिसाका सामग्रीहरूलाई जतनले प्रयोग गर्नुहोस्। तातो सिसाको भाँडा उठाउनका लागि हट प्याड वा चिम्टाको प्रयोग गर्नुहोस्। सिसा फुटेमा, त्यसलाई सफा गर्नुअगाडि शिक्षकलाई सूचित गर्नुहोस्।

20. निर्देशित गरिएअनुसार मात्र तापको स्रोतहरू प्रयोग गर्नुहोस्। तातो प्लेट वा बलिरहेको बर्नरलाई उपेक्षित गरी नछोड्नुहोस्।

21. सुरक्षा उपकरण (आगो निभाउने उपकरण, आगो निभाउने ब्ल्याङ्केट, आँखा धुने स्टेशन, सुरक्षा शावर, प्राथमिक

उपचारको किट) कहाँ राखिएको छ र कसरी प्रयोग गर्ने भनी जान्नुहोस्। आकस्मिक निकासहरू कहाँ छन् र आकस्मिक वा ड्रिलको अवस्थामा के गर्ने भनी जान्नुहोस्।

**<u>व्यक्तिगत सुरक्षा प्रश्नहरू</u>**

22. तपाईंले कन्ट्याक्ट लेन्सहरू लगाउनुहुन्छ?

☐ छ ☐ छैन

23. तपाईंलाई रङ्ग अन्धता छ?

☐ छ ☐ छैन

24. तपाईंलाई कुनै एलर्जीहरू छन्?

☐छ ☐छैन यदि छ भने, कृपया सूचिबद्ध गर्नुहोस्: __________

**<u>विद्यार्थी र आमाबुवा/अभिभावक सम्झौता</u>**

म,____________________________________________________(विद्यार्थीको नाम), ले यस विज्ञान सुरक्षा सम्झौताको सबै सुरक्षा नियमहरू पढेको छु र पालना गर्न सहमत छु। मैले मेरो आफ्नै सुरक्षा र मेरा साथी विद्यार्थीहरू र प्रशिक्षकहरूको सुरक्षा सुनिश्चित गर्नको लागि यी नियमहरू पालना गर्न सहमत छु। मैले सुरक्षित प्रयोगशाला वातावरण कायम राख्नको लागि मेरो प्रशिक्षक र साथी विद्यार्थीहरूसँग पूर्णरूपमा सहकार्य गर्नेछु। मैले प्रशिक्षकद्वारा उपलब्ध गराइएका सबै मौखिक र लिखित निर्देशनहरू नजिकबाट पालना गर्नेछु। यस सुरक्षा सम्झौताको कुनै पनि उल्लङ्घन वा मेरो पक्षको दुर्व्यवहारले प्रयोगशालाको वातावरणलाई असुरक्षित अवस्थामा लैजान्छ भने मलाई प्रयोगशालाबाट निष्काशित गर्नसकिन्छ भन्ने बारे म सचेत छु।

| ______________________________ | ______________________________ | ______________________________ |
|---|---|---|
| विद्यार्थीको नाम (छापिएको) | विद्यार्थीको हस्ताक्षर | मिति |

मैले यो सम्झौता पढेको छु र विज्ञान प्रयोगशालामा मेरो बच्चाको सुरक्षा सुनिश्चित गर्नको लागि अपनाइएको तरिकाहरूको बारेमा अवगत छु।

______________________________ ______________________________ ______________________________